नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६

एक्स्टेन्सन : ६३३, ६३४, ६३५

वेबसाइट : www.mec.gov.np

इमेल: entrance@mec.gov.np

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-

चलानी नं. :-

मिति :- २०८१/११/१८

## चिकित्सा शिक्षा स्नातक तहको MBBS शैक्षिक कार्यक्रममा क्युवा सरकारबाट प्राप्त छात्रवृत्तिमा अध्ययनका लागि उम्मेदवार छनौट गर्न अनलाइन आवेदन माग गरिएको सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, छात्रवृत्ति शाखाको च.नं. १२३ मिति २०८१/११/१३ को पत्रानुसार क्युवा सरकारले नेपाली विद्यार्थीका लागि छात्रवृत्तिमा अध्ययन गर्न शैक्षिक वर्ष २०२५ मा चिकित्सा शिक्षा स्नातक तह **MBBS** शैक्षिक कार्यक्रमका लागि १ (एक) सिट प्राप्त भएको र सोका लागि उम्मेदवार छनौट गरी पठाउन लेखी आएकोले उक्त छात्रवृत्तिमा अध्ययन गर्न देहायबमोजिमका योग्यता पूरा भएका इच्छुक नेपाली उम्मेदवारहरूले मिति २०८१/११/१८ गतेदेखि मिति २०८१/११/२२ गते अपरान्ह ५:०० बजेभित्र आफ्नो प्रोफाइलमार्फत् देहायअनुसार प्रक्रिया अपनाई अनलाइन आवेदन दिनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(क) क्यूवा सरकारबाट प्राप्त सिटको समूहगत विभाजन**

राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधन सहित) को नियम २० को उपनियम (१०) बमोजिम हिसाब गरी प्राप्त सिटलाई देहायबमोजिम समूहगत विभाजन गरिएको छ ।

| क्र.सं. | कार्यक्रम | जम्मा सिट | खुला | महिला | मुस्लिम महिला | दलित | आदिवासी जनजाति | खस आर्य | मधेशी दलित | थारू | पिछडिएको क्षेत्र | शहीद परिवार ... |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | MBBS | १ | १ | - | - | - | - | - | - | - | - | - |

**(ख) उम्मेदवारको न्युनतम योग्यता र छनौटका आधारहरू**

उम्मेदवारहरूले निम्नानुसारका सम्पूर्ण योग्यता र आधारहरू पूरा गरेको हुनुपर्नेछ,

१. चिकित्सा शिक्षा स्नातक तहको पछिल्लो एकीकृत प्रवेश परीक्षा (MECEE-BL 2025) को नतिजामा MBBS शैक्षिक कार्यक्रमको योग्यतासूचीमा रहेको,

२. वैदेशिक अध्ययन अनुमतिपत्र नलिएको,

३. वैदेशिक छात्रवृत्तिमा मनोनयन नभएको,

४. कुनै पनि शैक्षिक कार्यक्रममा भर्ना नभएको,

५. दरखास्त दिने अवधिमा १६ वर्ष उमेर पुरा भइ २५ वर्ष उमेर ननाघेको,

६. यसै सूचनामा संलग्न क्यूवा सरकारको छात्रवृत्ति छनौटसम्बन्धी मापदण्डहरु पुरा भएको ।

**(ग) अनलाइन आवेदन दिने प्रक्रिया**

७. एकीकृत प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा रहेका उम्मेदवारले चिकित्सा शिक्षा आयोगको वेबपोर्टल **https://entrance.mec.gov.np** मा ब्राउज **(browse)** गरी **Login** बटनमा क्लिक गरी आफ्नो प्रोफाइल **Login** गर्नु पर्नेछ ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

८. आफ्नो प्रोफाइलमा रहेको "**Application** मेन्यूमा **MECEE-BL 2025** को **View Details** मा क्लिक गर्नु पर्नेछ ।

९. **MBBS** कार्यक्रमको **Action Column** मा रहेको **Apply for Cuba (MECEE-BL 2025/026)** को छेउमा रहेको **Apply** बटनमा क्लिक गरी **Yes Submit application** बटनमा क्लिक गरी फाराम **Submit** गर्नु पर्नेछ ।

(घ)उम्मेदवार छनौट र छनौटपछिको प्रक्रिया

१. चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७९ बमोजिम कम्प्युटर प्रणालीबाट म्याचिङ गरी उम्मेदवार छनौट गरिनेछ ।

२. यस अधि छात्रवृत्ति, सःशुल्कमा भर्ना भएका र वैकल्पिक म्याचिङको भर्नासूचीमा परेका उम्मेदवारहरूलाई यस छात्रवृत्तिमा सहभागी गराइने छैन ।

३. छात्रवृत्तिका लागि चिकित्सा शिक्षा आयोगबाट सिफारिस मात्र हुने हो । सिफारिस भएपछि मन्त्रालयहरू र क्यूवा सरकारले निर्धारण गरेका आवश्यक सम्पूर्ण प्रक्रियाहरू र यसै सूचनामा संलग्न क्यूवा सरकारको छात्रवृत्ति छनौटसम्बन्धी मापदण्डहरू उम्मेदवार स्वयंले पूरा गर्नुपर्ने छ । अतः सूचनामा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र परराष्ट्र मन्त्रालयको पत्रका साथै सो सँगै रहेका छात्रवृत्तिसम्बन्धी व्यवस्थाहरु तोकिएको समयभित्र उम्मेदवार स्वयंले पुरा गर्नुपर्ने भएकाले सूचनामा उल्लेखित व्यवस्थाहरू पूर्णरुपमा अध्ययन गरी समयमै आवश्यक कागजात तथा प्रक्रियाहरू पूरा गरी आवेदन गर्नुपर्नेछ,

४. छात्रवृत्तिमा छनौट भएपश्चात् आवश्यक प्रक्रिया पुरा नगरी सिट रिक्त रहने अवस्था सिर्जना हुन गएमा उम्मेदवारलाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

(ङ) देहायको क्युआर कोड (QR code) प्रयोग गरेर पनि आवेदन गर्न सकिनेछ ।

**Profile Log-in Portal**

२०८१/११/१८
अर्जुन ढकाल
उपसचिव

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

छात्रवृत्ति शाखा

०१ ६६३५४४२

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०८१।८२
चलानी नं.:- ९२३

मिति २०८१/११/१३

चिकित्सा शिक्षा आयोग
दर्ता नं.: १०४६
मितिः २०८१/११/१५

श्री चिकित्सा शिक्षा आयोग ,
सानोठिमी, भक्तपुर ।

विषयः (CUBA) अन्तर्गत शैक्षिक सत्र २०२५ का लागि विद्यार्थी छनौट गरी पठाईदिने सम्वन्धमा ।

प्रस्तुत विषयमा परराष्ट्र मन्त्रालय, दक्षिण एशिया महाशाखा, काठमाण्डौको प.सं ०८१-८२/EA/AM/CUB/5619 मिति २०८१/०९/०४ (१९ डिसेम्वर २०२४) को प्राप्त पत्रानुसार क्युवा सरकारबाट नेपाल सरकारलाई शैक्षिक सत्र २०२५ का लागि चिकित्सा शिक्षा अन्तर्गत MBBS विषयमा अध्ययन गर्न १ सिटमा नेपाली विद्यार्थीको मनोनयन हुन तथा मनोनित विद्यार्थीको नाम भारत स्थित नेपाली दूतावासमा जानकारी गराईदिने व्यवस्थाका लागि अनुरोध गर्दै लेखिएको पत्र एवं भारत स्थित नेपाली राजदुतावासको पोल वी १९/४२७ मिति २०८१/०९/०२ को पत्रका साथ Embassy of Republic of Cuba को कुटनीतिक नोटको छाँया प्रति समेत आवश्यक कार्यार्थ यसै पत्रसाथ संलग्न राखी उल्लेखित विषय र सिटमा प्रचलित नियमानुसार विद्यार्थी छनौट गरी मिति २०८१ साल फागुन २५ गते सम्ममा यस शाखामा आईपुग्ने गरी पठाईदिनुहुन छात्रवृत्ति निर्धारण समितिको मिति २०८१।११।०४ को बैठकको निर्णयानुसार अनुरोध छ ।

भीमादेवी कोइराला
शाखा अधिकृत

फोन नं.:
वेबसाइटः www.moest.gov.np

नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

(युरोप तथा अमेरिका महाशाखा)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि
मूल दर्ता नं.:- २०६२
दर्ता मिति:- २०८१/०९/०६

प.सं. २०८१/८२
च.नं. EA/AM/CUB/५६१९

मिति:२०८१/०९/०४
१९ डिसेम्बर २०२४
ने.सं. ११४५ थिंल्लागा ०४

विषयः छात्रवृत्ति सम्बन्धमा।

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा क्युबा सरकारले आगामी शैक्षिक सत्र (सन् २०२५) मा मेडिसिन अध्ययन गर्नका लागि नेपाललाई एक सिट छात्रवृत्ति उपलब्ध गराएको सम्बन्धी नयाँ दिल्लीस्थित क्युबाको राजदूतावासको नं. 129/11/12/2024, मिति ११ डिसेम्बर २०२४ को नोट नेपाली राजदूतावास, नयाँ दिल्लीको प.सं. पोल/बी-१९/४२७, मिति २०८१/०९/०२ को पत्रमार्फत् प्राप्त हुन आएकाले उक्त नोट तथा सोसाथ प्राप्त कागजातहरू तहाँको जानकारी तथा आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको ब्यहोरा निर्देशानुसार अनुरोध छ।

श्री उच्च शिक्षा महाशाखा

(ओमकुमार भण्डारी)
शाखा अधिकृत

सिंहदरबार, काठमाडौं फोन नं. ०१-४२००१८२-८६, ४२००१७९ फ्याक्स नं. ०१-४२०००६१
E-mail:- euroam@mofa.gov.np

EA

नेपाली राजदूतावास
नयाँ दिल्ली
EMBASSY OF NEPAL
New Delhi

प.सं. पोल/बी-१९/४२७

मिति: २०८१।०९।०२
१७ डिसेम्बर २०२४

श्री युरोप अमेरिका महाशाखा
परराष्ट्र मन्त्रालय
सिंहदरबार, काठमाडौं।

EA
9/8

JRR
Pls forward MOEST
2081/9/1

विषय: छात्रवृत्ति सम्बन्धमा।

उपर्युक्त विषयमा क्युबा सरकारले आगामी शैक्षिक सत्र (सन् २०२५) मा मेडिसिन अध्ययन गर्नका लागि नेपाललाई एक सिट छात्रवृत्ति उपलब्ध गराएको जानकारी दिँदै लेखिएको नयाँ दिल्लीस्थित क्युबाको राजदूतावासबाट प्रेषित नं. 129/11/12/2024, मिति ११ डिसेम्बर २०२४ को नोट तथा अन्य कागजात प्राप्त भएकोले तहाँको जानकारी तथा आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको बेहोरा निर्देशानुसार अनुरोध छ।

(दुरपदा आपकोटा)
मिनिष्टर काउन्सेलर

OKB
Kindly forward it to MOEST.
2081/9/10

Barakhamba Road, New Delhi-110001 India, Tel. +91-11-23476200, +91-11-23327361, Hotline +91-8929601925
Website : in.nepalembassy.gov.np

EMBASSY OF THE REPUBLIC OF CUBA

Note No: 129/11/12/2024

The **Embassy of the Republic of Cuba in India** presents its compliments to the **Honourable Embassy of Nepal in India**, and has the honor to inform that Nepal has been awarded one scholarship to study medicine in Cuba for the next academic year. The course is scheduled to start in September 2025, and the arrival in Cuba of the student will be from the 20th to 30th August, 2025.

The Embassy kindly request to be notified about the name of the candidate, preferably before the month of May, in order to initiate the necessary procedures and enroll the student in the course in time. Please find attached the guidelines for the selection process of a scholarship student in Cuba.

The Embassy kindly request the message to be forwarded it to its highest destination.

**The Embassy of the Republic of Cuba in India** avails itself of this opportunity to renew to the **Embassy of Nepal in India** the assurances of its highest consideration.

New Delhi, 11 December 2024

**The Embassy of Nepal in India**

EMBAJADA DE CUBA * NUEVA DELHI

Pol. Sec.
12/12

Embassy of the Republic of Cuba in India/Bangladesh/Bhutan/Nepal
Address: A-[illegible], Defence Colony, New Delhi. 110024
Telephone: (011) 41067197 E-mail: secretaria@in.embacuba.cu
Twitter and Facebook: @EmbaCubaIndia
Web: https://misiones.cubaminrex.cu/es/india

## 1- Established Requirements

The requirements that foreign students must meet to be benefited with a scholarship to study in Cuba are:

a) Be over 16 years old and under 25 years old, only for the undergraduate degree.
b) Be a graduate of Bachiller or Pre-university.
c) The student must come from a low income family, who cannot afford the studies and preferably come from communities in the interior of the country.

### Documents to present:

a) Graduate degree from pre-university, Bachiller or equivalent level and the certificate of marks.
b) Original Health Certificate, including HIV-negative test and the female students' record of not being pregnant.
c) Ten (10) 1x1 inch size photos;
d) Original Criminal Record Certificate.
e) Birth Certificate and a copy translated into Spanish.
f) Scholarship award form, specifying the career, signed and stamped by the Cuban diplomatic representation accredited in the country and by the student.

- The documents must be duly legalized by the Ministries of Health, Education and Justice, as appropriate, and by the Foreign Ministry of your country, to be subsequently legalized at the Consulate of the Cuban Diplomatic Mission, exempt from payment.
- The selected student has to travel to Cuba with all their documentation and upon arrival will deliver it to their Study Center, otherwise they are not officially enrolled and have to return to their country.

### Air Ticket of the Students

- The one-way air ticket onward and return to their country once graduated, the one on vacation for those who can and apply to do it, academic withdrawal, illness or other causes, will be assumed by the student, Government, organization, institution that sends them or the youth's own family members.

### Return to his/her country

- A foreign student who completes his/her studies or due to academic withdrawal returns to his country of origin within thirty calendar days from the date on which he receives the documentation accrediting him as graduate or he is notified of his withdrawal, at the end of the aforementioned period, he loses the rights that this condition grants him.